

एउटी पापी स्त्री र एकजना धर्मी फरिसी

एउटी पापी स्त्री र एकजना धर्मी फरिसी

'अनि फरिसीहरूमध्ये एकजनाले "मसँग खाना खानुहोस्" भनेर प्रभु येशूलाई विन्ती गरे। अनि उहाँ ती फरिसीको घरभित्र पस्नुभयो र खानको निम्ति बस्नुभयो। तब हेर, त्यस शहरकी एउटी स्त्रीले, जो एउटी पापीनी थिई, ती फरिसीको घरमा येशू खान बस्नुभएको कुरा थाहा पाई, र सुगन्धित तेलको एउटा सङ्गमर्मरको भुँडुल्को लिएर त्यो त्यहाँ आई, र रुँदै-रुँदै उहाँको पछिल्तिर उहाँका पाउनेर खड़ा भई; अनि त्यसले आफ्ना आँसुसित उहाँका पाउहरू भिजाउन र आफ्नो शिरको केशले पुछ्न थाली, अनि उहाँका पाउहरू चुम्बन गरी र तिनमा त्यो सुगन्धित तेल घसी। तर जब उहाँलाई निम्तो दिने ती फरिसीले यो देखे, तब तिनले मनमनैमा यसो भनेः "यी मानिस भविष्यवक्ता हुँदा हुन् ता उनलाई छुने यो स्त्री को हो र कस्ती स्त्री हो, सो जान्नेथिए; किनकि यो त एउटी पापीनी हो।" अनि येशूले यसको जवाफमा तिनलाई भन्नुभयोः "शिमोन, तिमीलाई मेरो केही भन्नु छ।" अनि

तिनले भनेः "गुरुज्यू, भन्नुहोस् !" "कुनै एकजना महाजन थिए, जसका दुईजना ऋणी थिए; एकजनालाई पाँच सय दीनार र अर्कालाई पचास दीनार ऋण लागेको थियो । अनि तिनी-हरूसँग तिर्न केही नहुँदा उनले ती दुवैजनालाई उदार चित्तले माफ गरिदिए । यसकारण लौ, मलाई भन, तीमध्ये कुनचाहिँले उनलाई बढ़ी प्रेम गर्ला ?" अनि शिमोनले जवाफ दिएर भनेः "मलाई लाग्छ, उसैले, जसलाई उनले बढ़ी माफ गरेका छन् ।" अनि उहाँले तिनलाई भन्नुभयोः "तिमीले सठीक विचार गरेका छौ ।" अनि त्यस स्त्रीतिर फर्केर उहाँले शिमोनलाई भन्नुभयोः "के तिमी यस स्त्रीलाई देख्दैछौ ? म तिम्रो घरमा आएँ, तर तिमीले मलाई मेरा पाउहरूको निम्ति पानी दिएनौ; तर उसले मेरा पाउहरू आफ्ना आँसुले भिजाएकी छे र आफ्नो शिरका केशले पुछेकी छे । तिमीले मलाई कुनै चुम्बन दिएनौ; तर यस स्त्रीले त म भित्र आएको समयदेखि मेरा पाउहरू चुम्न छोड़ेकी छैन । तिमीले मेरो शिरमा तेल लगाएनौ; तर यस स्त्रीले मेरा पाउहरूमा सुगन्धित तेल घसेकी छे । यसकारण म तिमीलाई भन्छु, उसका पापहरू, जुनचाहिँ धेरै छन्, क्षमा भएका छन्; किनकि उसले धेरै प्रेम गरेकी छे; तर जसलाई थोरै क्षमा गरिएको छ, त्यसले थोरै प्रेम गर्छ ।" अनि येशूले त्यसलाई भन्नुभयोः "तिम्रा पापहरू क्षमा भए ।" अनि उहाँसँग खाना खानको निम्ति बस्नेहरूले मनमनमा भन्न थालेः "यिनी को हुन्, जसले पापहरू पनि क्षमा गर्छन् ?" तब उहाँले त्यस स्त्रीलाई भन्नुभयोः "तिम्रो विश्वासले तिमीलाई बचाएको छ; शान्तिसित जाऊ !" '

लूका ७:३६-५०

आउनुहोस्, आज हामी परमेश्वरको वचनको उक्त खण्डमा एउटी पापी स्त्री र एकजना धर्मी फरिसीबाट हाम्रो जीवनको निम्ति एउटा महत्त्वपूर्ण र अमूल्य पाठ सिकौं !

यस घटनामा शिमोन नाम गरेका फरिसीले प्रभु येशूलाई खाना खाने निम्तो दिए, अनि उहाँले तिनको यो निम्तो स्वीकार गर्नुभयो, र उहाँ तिनको घरमा आउनुभयो । तिनीहरू खाना खान तयार भए, र खाना पस्किन लागेको थियो । त्यही बेलामा परमेश्वरको वचनले हाम्रो ध्यान एउटी स्त्रीमाथि खिच्दछ, जसको बारेमा हामीले निम्न जानकारी पाएका छौंः त्यो स्त्री ती फरिसी बसेको शहरकी कुख्याती बासिन्दा थिई; त्यो एउटी चरित्रहीन पापी स्त्री थिई । अनि शिमोनले, अँ, यस शहरका सबै मानिसहरूले त्यसलाई चिन्दथिए र त्यसको बारेमा यो कुरा जान्दथिए ।

त्यस स्त्रीले येशू त्यस घरमा आउनुभएको कुरा चाल पाई; अनि तुरुन्तै त्यसले यो मौका छोपी । त्यो स्त्री सुगन्धित तेल लिएर आई, र उहाँको पछिल्तिर उहाँका पाउनेर खड़ा भई । अरे, त्यसलाई के भएको थियोः त्यो स्त्री त रुँदैथिई; त्यसका गालाबाट आँसु झर्दैथिए । ओहो, हेर्नुहोस्, त्यसले आफ्ना आँसुसित प्रभु येशूका पाउहरू भिजाउन थाली, आफ्नो केशले उहाँका पाउहरू पुछ्न लागी र उहाँका पाउहरू म्वाइँ खाँदैबसी । त्यसपछि त्यसले उहाँका पाउहरूमा त्यो सुगन्धित तेल लगाई, जुन तेल त्यसले ढुङ्गाको एउटा भुँड्कोमा जतन गरेकी थिई । तर जब उहाँलाई निम्तो दिने ती फरिसीले यो देखे, तब तिनले मनमनैमा भन्न लागेः 'यी येशू साँच्चै एक भविष्यवक्ता भएका भए उनलाई छुने यो स्त्री को थिई र यो कस्ती स्त्री हो, सो उनले जान्नुपर्नेथियो; किनकि यो त एउटी पापी स्त्री थिई ।'

अनि त्यस बेलामा प्रभु येशूले तिनलाई एउटा अमूल्य पाठ सिकाउनुभयो, जुन पाठ हाम्रो निम्ति पनि उत्तिकै महत्त्वपूर्ण छ। प्रभुले तिनको सामु राख्नुभएको कुरा सरल थियोः कुनै एकजना साहू थिए, जसका दुईजना ऋणी थिए; एकजनालाई पाँच सय दीनार र अर्कालाई पचास दीनार ऋण लागेको थियो। अनि तिनीहरूसँग तिर्न केही नभएको हुनाले उनले ती दुवैजनालाई उदार चित्तले तिनीहरूको जम्मै ऋण माफ गरिदिए। अनि यस सिलसिलामा प्रभु येशूले शिमोनलाई यो प्रश्न सोध्नुभयोः 'अब मलाई भन, ती दुईजनामध्ये कुनचाहिँले यी साहूलाई बढ़ी प्रेम गर्छ?' अनि शिमोनले सठीक जवाफ दिएः 'मेरो विचारमा, उसैले, जसलाई उनले बढ़ी माफ गरेका छन्।'

यहाँसम्म शिमोन उत्तीर्ण भए। तर अबचाहिँ तिनको निम्ति सिक्न, बुझ्न र ग्रहण गर्न गाह्रो कुरा आयो। किनकि प्रभु येशूले तिनको ध्यान फेरि त्यस पापी स्त्रीतिर खिच्नुभयो र तिनको सामु तिनको व्यवहार र त्यस स्त्रीको व्यवहार आपसमा तुलना गर्नुभयो। तिनले प्रभु येशूलाई खुट्टा धुने पानी दिएनन्, जुन कुरा त्यस जमानामा पाहुनाप्रति यहूदीहरूको चलनअनुसार सामान्य सत्कारको सेवा थियो। तिनले प्रभु येशूलाई न्यानो, आत्मीय स्वागत गर्न चुम्बन गरेनन्, जसरी चुम्बन गर्नुचाहिँ यहूदीहरूको बीचमा एक-अर्कालाई स्वागत गर्ने प्रचलित चलन थियो। तिनले उहाँको शिरमा तेल लगाएनन्। यो एक आदरणीय गुरुप्रति तिनको समोचित र योग्य व्यवहार ठहरिनेथियो।

तर अब आउनुहोस्, हामी प्रभु येशूप्रति त्यस स्त्रीको व्यवहार हेरौं! त्यसले उहाँका पाउहरू आँसुले भिजाई र आफ्नो केशले पुछी; त्यसले उहाँका पाउहरू म्वाइँ खाँदैबसी र अन्तमा त्यो

भुँड्को खोलेर उहाँका पाउहरूमा सुगन्धित तेल घसी। यसरी नै त्यस स्त्रीले प्रभु येशूलाई सकभर माया देखाई। किनकि त्यसले अघि उहाँको विषयमा सुनेकी थिई, अनि जुन कुरा त्यसले उहाँको बारेमा सुनेकी थिई, त्यसले विश्वास पनि गरेकी थिई। यसकारण जब प्रभु येशू त्यसकै शहरमा पाहुना भएर आउनुभयो, तब त्यसले ढिलो नगरी उहाँलाई भेट्नुपरेको थियो; किनकि त्यसको आत्मिक अवस्था नाजुक थियो। किनभने त्यो स्त्री प्रत्यक्ष रूपले पापी थिई। त्यसले आफ्नो शरीर बेचेर व्यभिचार वा वेश्यावृत्ति गरेकी हुनुपर्ला; त्यसले आफ्नो नैतिकता गुमाएकी, आफ्नो चरित्र बिगारेकी थिई; त्यसको आशा नभएको हालत थियो। अनि त्यसले आफूलाई चिन्दथिई र आफ्नो यो नीच अवस्था राम्ररी जान्दथिई। यसकारण त्यसको एकमात्र आशा प्रभु येशू हुनुहुन्थ्यो। त्यस स्त्रीले जरुर उहाँलाई भेट्नुपरेको थियो, नत्र ता त्यो आफ्नो पापमा नाश हुनेथिई। किनभने त्यसका पापहरू धेरै थिए; परमेश्वरसित त्यसलाई लागेको ऋण ज्यादा थियो; अनि आफ्नो ऋण तिर्न त्यससँग केही पनि थिएन। त्यो बिलकुल न्याय र दण्डको योग्य थिई। अनि त्यसको एकमात्र मुक्तिदाता प्रभु येशू हुनुहुन्थ्यो। उहाँले त्यसलाई पापको क्षमा दिन सक्नुहुन्थ्यो। यसकारण त्यो पापी स्त्री प्रभु येशूकहाँ आई, अनि उहाँलाई आफ्नो विश्वास, भक्ति र प्रेम आफ्नो व्यवहारबाट देखाई। त्यो कति चूर्ण थिई, हेर्नुहोस्! त्यसले आफ्नो पापी अवस्थाको निम्ति पश्चात्ताप गरी र आफ्ना पापहरूको निम्ति रोई-रोईकन पछुतो मानी; त्यसले उहाँका पाउहरू धोई, त्यसले उहाँका पाउहरू चुम्बन गरी, त्यसले उहाँका पाउहरूमा सुगन्धित तेल लगाई। त्यसले

त्यसले उहाँलाई सकभर प्रेम गरी। यसरी नै आफ्नो पूरा जीवन उहाँको हातमा सुम्पी, अँ, उहाँको निगाहमा सुम्पी। फलस्वरूप त्यसका सबै पापहरू क्षमा भए, उहाँको अपार कृपामा। त्यस स्त्रीको विश्वासले त्यसलाई मुक्ति दिलायो। अनि त्यो स्त्री शान्तिसित घर फर्की।

अनि ती फरिसीचाहिँ? तिनी र तिनका साथी-सङ्गीहरू ट्वाल्ल परेर हेरे। संसारका मुक्तिदाता तिनीहरूको सामुन्ने हुँदा-हुँदै पनि तिनीहरूले कुनै आशिष पाएनन्; तिनीहरू रित्तै रहे; तिनीहरूले न पापको क्षमा पाए, न मुक्ति पाए, न ता शान्ति पाए; किनकि तिनीहरूले आफूलाई पापी सम्झेनन्। तिनीहरू आफ्नो दृष्टिमा धर्मी थिए। तिनीहरूको पहिरन धर्मी मानिसको पहिरन थियो; तिनीहरूको भाषा धर्मी जनहरूको भाषा थियो; अनि तिनीहरूले लामो-लामो प्रार्थना गर्दैथिए। अनि तिनीहरूको ईश्वर-भक्ति सबै मानिसहरूले देख्दैथिए, त्यस शहरको सभाघरमा। तर फरिसीहरू कपटी थिए, चुना लगाइएका चिहानहरूजस्तै थिए। तिनीहरूको मनभित्र लोभ थियो, त्यहाँ व्यभिचार थियो, त्यहाँ घमण्ड थियो, त्यहाँ हत्या र अनेक पापहरूको बिजन थियो। हो, त्यो स्त्री पक्का पनि पापी थिई; हो, त्यो स्वभावैले र कर्मले पापी थिई। त्यसले त्यो लुकाउन सकिनथिई। अनि तिनीचाहिँ? ती फरिसीले मनमनैमा भनेः 'यी येशू भविष्यवक्ता हुँदा हुन् त, उनले त्यो स्त्री को थिई र कस्ती स्त्री थिई, सो जान्नुपर्नेथियो।' तर के? के तिनले आफै को थिए र कस्ता मानिस थिए, सो जान्नुपर्दैनथियो? अनि तिनले प्रभु येशू को हुनुहुन्थ्यो र उहाँको अपार कृपा के-कस्तो थियो, सो पनि अवश्य जान्नुपर्नेथियो।

ती फरिसी को थिए? तिनी आफ्नो धर्म र कर्ममा घमण्ड गर्ने मानिस थिए; तर तिनी पनि हामीजस्तै आदमको पापी सन्तान थिए। यसैले तिनी स्वभावैले पापी मानिस थिए। अनि निस्सन्देह तिनी कर्मले पनि एउटा पापी र अधर्मी मानिस थिए। किनकि तिनको धर्मले र यहूदीहरूको पवित्र धर्मशास्त्रले तिनलाई यो कुरा हप्तापिच्छे सिकाउँथ्यो; तर तिनले यो कुरा सिकेनन् र स्वीकार गर्न चाहेनन्। तिनले आफूमाथि र आफ्ना धर्मकर्महरूमाथि भरोसा गरे। तर वास्तवमा तिनीसँग ऋण तिर्न केही पनि थिएन भन्ने कुरा जानेनन्। यसकारण एउटी पापी स्त्रीले त्यस दिनमा तिनलाई लाजमा पार्नुपरथ्यो। किनकि त्यसका धेरै पापहरू क्षमा भए, तर तिनको थोरै पाप क्षमा भएनन्। त्यसले मुक्तिदाता प्रभुलाई चिन्न सकी, विश्वास गरी र मुक्ति पाई; तर यता आफ्नो सामु संसारको मुक्तिदाता हुनुभएको कुरा तिनले जानेनन्, झन् प्रभु येशूप्रति तिनले शङ्का गरे र उहाँलाई तुच्छ ठानेर हेला समेत गरे। तिनले प्रभु येशूलाई प्रेम गरेनन्, अहँ, अलिकति पनि प्रेम गरेनन्, तर 'पापको क्षमा गर्ने यिनी को हुन् हँ' भनेर उहाँमा दोष पो भेट्टाए।

तर तिनले प्रश्न गरेको कुरा हाम्रो निम्ति मुख्य होः परमेश्वरका आँखामा हामी को हौं? अनि हामी कस्तो किसिमका मानिस हौं? हामीले यी दुईवटा प्रश्न साँचो प्रकारले र इमानदारपूर्वक जवाफ दिन सक्नुपर्छ। तब हाम्रो निम्ति प्रभु येशूकहाँ जाने बाटो खोलिन्छ। किनभने एक, हामी स्वभावैले पापी मानिस हौं; अनि दुई, हामी कर्मले पनि पापी मानिस हौं। अनि तीन, हाम्रा पापको ऋण काट्न हामीसँग केही पनि छैन। अनि प्रभु येशूको विषयमा हामीले पनि यी दुईवटा प्रश्न गर्नुपर्छः उहाँ को

हुनुहुन्छ ? अनि उहाँ कस्तो किसिमको मानिस हुनुहुन्छ ? किनकि प्रभु येशू परमेश्वरको पुत्र हुनुहुन्छ; उहाँ पापी मानिसहरूको निम्ति यस संसारमा मुक्तिदाता भई आउनुभयो र मानिस बन्नुभयो । उहाँमा कुनै पाप थिएन, अहँ, उहाँमा पापको गन्ध समेत थिएन; तर उहाँ हाम्रा पापहरूको निम्ति पापबलि हुनुभयो । उहाँ क्रूसमा मर्नुभयो; उहाँले आफ्नो अमूल्य रगत बगाएर हाम्रा पापहरूको ऋण तिरिदिनुभयो । यसकारण उहाँ हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ । यसको निम्ति उहाँलाई ईश्वरीय अधिकार दिइएको छ । उहाँ पापी मानिसहरूको निम्ति एकमात्र मुक्तिदाता हुनुहुन्छ ।

यसकारण विश्वास गर्नुहोस्, उहाँकहाँ आउनुहोस्, रोई-रोईकन आफ्ना पापहरू मानिलिनुहोस् ! उहाँको चरणमा पर्नुहोस् ! आत्मामा उहाँका पाउहरू चुम्बन गर्नुहोस्, उहाँका पाउहरूमा सुगन्धित तेल लगाउनुहोस् ! उहाँप्रति आफ्नो प्रेम र आस्था प्रकट गर्नुहोस् ! किनभने तपाईंको मुक्तिदाता उहाँ हुनुहुन्छ । अरू कोही छैन । अरू कसैको नाममा पापको क्षमा छैन । यसकारण सारा संसारको निम्ति मुक्तिदाता येशू तपाईंको सामु पेश गरिएको छ । संसारको मुक्तिदाता एकैजना हुनुहुन्छ । अनि उहाँले यसको पक्का प्रमाण पनि दिनुभयो; किनकि उहाँ मर्नुभएको तेस्रो दिनमा फेरि जीवित हुनुभयो । अनि त्यो दिन नजिक छ, जब उहाँको सामु सारा संसारका मानिसहरूले घुड़ा टेक्नैपर्नेछ र आफ्नो मुखले उहाँलाई प्रभु भनी स्वीकार गर्नुपर्नेछ ।

अब परमेश्वरको वचनको यस खण्डमा एउटा कुरा रहेको छ । प्रभु येशूले भन्नुभयोः 'जसलाई थोरै क्षमा गरिएको छ, त्यसले थोरै प्रेम गर्छ ।' त्यस स्त्रीले प्रभु येशूलाई धेरै प्रेम गरी, किनभने

त्यसका धेरै पापहरू थिए, र त्यसका जम्मै पापहरू परमेश्वरको कृपामा येशूको नाममा क्षमा भए। यसकारण त्यो स्त्री शान्तिसँग घर फर्की। खास गरी त्यस स्त्रीले त्यस दिनमा परमेश्वरको शान्तिमा प्रवेश गर्न पाई।

यो प्रश्न रहेको छः हामीमध्ये कसले प्रभु येशूलाई बढ़ी प्रेम गर्छ? उसैले, जसका धेरै पापहरू क्षमा भएका हुन्छन्। तर जसले आफूलाई चिन्दैन र आफूलाई धर्मी सम्झन्छ, उसले प्रभु येशूलाई प्रेम गर्दैन। ऊ प्रभु येशूकहाँ आउँदैन, उसले प्रभुका पाउहरू धुँदैन, म्वाइँ खाँदैन, सुगन्धित तेल लगाउँदैन; उसले प्रभु येशूलाई यसो गर्दैन। अनि जसका थोरै पाप क्षमा भए, उसले प्रभु येशूलाई थोरै मात्र प्रेम गर्छ। तर जसका धेरै पापहरू क्षमा भए, उसले प्रभु येशूलाई धेरै प्रेम गर्छ। प्रेमको रहस्य खोल्ने चाबी यहाँ छः हामीले आफूलाई चिन्नुपर्छ; हामी कस्तो किसिमका मानिस हौं, सो जान्नुपर्छ। अनि परमेश्वरको सामु हाम्रा पापको ऋण तिर्न हामीसँग केही पनि छैन; यो पनि जान्नु हामीलाई जरुरी छ। हामीले पापको क्षमा पाएर प्रभु येशू कति कृपालु हुनुहुन्छ, सो आफ्नो जीवनमा अनुभव गर्नुपर्छ र निश्चित जान्नुपर्छ।

अन्तमा विन्ती छः परमेश्वरको वचन आफूसँग बोल्न दिनुहोस्!

यस सम्बन्धमा तपाईंले कति कुरा अझ बढ़ी बुझ्न, हामीलाई सोध्न वा सिक्न चाहनुभयो भने अथवा तपाईंलाई तपाईंको जीवनमा आत्मिक सहायताको खाँचो परेमा निम्न ठेगानामा हामीसित सम्पर्क राख्नुहुन अनुरोध गर्छौं । धन्यवाद ।

email: nbcinepal@gmail.com

प्रिय पाठक मित्र, आज सुनौलो मौका छोप्नुहोस्, र 'आशाको किरण'अन्तर्गत हाम्रा रेडियो कार्यक्रमहरू सुन्नुहोस्, साथै अडियो पोडकास्ट, रोचक किताबहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू सित्तैंमा हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्नुहोस्:

www.nbcinepal.org

